नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
व्यवस्थापन सेवा विभाग

**खानेपानी (जारको खानेपानी ) र ट्याँकरको पानी आपूर्ति गर्ने वारे सिलबन्दी बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकासित सूचना मिति २०७५/१०/२९**

यस बैंकको लागि तपसिल बमोजिमको पानी आपूर्ति गर्न यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० दिनभित्र अर्थात मिति २०७५/११/२९ गते कार्यालय समय भित्र बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागवाट बोलपत्र फाराम खरिद गरि ३१ औ दिन (मिति २०७५/११/३० गते ) दिउँसो ११:३० बजे भित्रमा बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा बोलपत्र पेश गर्नु हुन यो सूचना आहृवान गरिएको छ।

| सि. नं | विवरण | जमानत रकम |
|---|---|---|
| १ | जारको खानेपानी | रु. ३६,०००/- |
| २ | अन्य प्रयोजनको ट्याँकरको पानी | रु. २६,५००/- |

शर्तहरु :

१. बोलपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ। केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भै सप्लाईको लागि कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता नदिन पनि सकिने छ।
२. बोलपत्रमा उल्लेख गर्नु पर्ने सबै कुराहरु स्पष्टरुपमा केरमेट नगरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
३. बोलपत्र खरिद गर्ने फर्म/कम्पनीको नाममा बोलपत्र दाखिला नभई अर्को नाममा दाखिला भएमा त्यस्ता बोलपत्रहरुलाई मान्यता दिईने छैन।
४. बोलपत्रदाताले जमानत रकम नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको हि.नं. १ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा खानेपानी/ट्याँकरको पानी आपूर्ति गर्ने टेण्डर वापत लेखी बोलपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो रकम वरावरको न्यूनतम १२० दिन अवधि भएको अन्य वाणिज्य बैंकको बैंक ग्यारेण्टी अनिवार्य रुपले पेस गर्नु पर्नेछ। १२० दिन भन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको बोलपत्र स्वत: रद्द हुनेछ।
५. बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम दिनवाट ९० दिनको हुनेछ।
६. बोलपत्र फाराम यस विभागको व्यवस्थापन सेवा विभाग धर्मपथ काठमाडौंवाट ३० औं दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ। बोलपत्रहरु यस सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहिदिन दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित व्यवस्थापन सेवा विभागमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त बोलपत्रहरु विना कारण आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।
७. बोलपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सो को भोलीपल्टको दिन बोलपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र बोलपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ।
८. बैंकमा प्राप्त हुन आउने बोलपत्रहरु मध्ये बाट कुनै कारण जनाई वा नजनाई घटी वा वढी दररेटवालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहनेछ।

९. बोलपत्र दिंदा बैंकले उपलब्ध गराएको सम्पूर्ण बोलपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पेजको पुछारमा बोलपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

१०.बोलपत्र फारामको लागि रु.३,०००/-(फिर्ता नहुने) यस बैंकको काठमाडौं बैकिङ्ग स्थित प्रधान कार्यालय हिसाव नं. १ मा जम्मा गर्नु पर्नेछ र सो रसिदको आधारमा मात्र बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

११ बोलपत्र पेश गर्दा वन्दी खाममा वाहिर पट्टी आफुले छपाई गर्न चाहेको सामानहरुको बोलपत्र भनि प्रष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताहरुले सहि गरेको हुनु पर्दछ र खाममा लाहाछापले सिल गरिएको हुनु पर्दछ ।

१२ बोलपत्र पेश गर्दा बोलपत्रदाताले कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागमा फर्म/कम्पनी दर्ता भएको प्रमाणपत्र, VAT / PAN र अघिल्लो आर्थिक वर्ष २०७४/७५ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गरिएको हुनुपर्नेछ । कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको फोटोकपी प्रतिलिपी बोलपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।

१३ रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

१४.बोलपत्र स्वीकृत भएको खण्डमा स्वीकृतीको जानकारी बैंकले सम्वन्धित बोलपत्रदातालाई दिनेछ । सोही अनुसार जानकारी प्राप्त गरेको १५ दिन भित्र बोलपत्रदाताले आफुले कबोल गरेको मुल्यको ५% ले हुन आउने रकम नगदै वा अन्य नेपाली वाणिज्य बैंकले जारी गरेको कम्तिमा १८० दिनको परफमेन्स बैंक ग्यारेण्टी साथै राखी बैंकसँग सम्झौता गर्नु पर्ने छ ।

१५.बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वार्थ बाझिने प्रकृतिको भएमा, जालसाजी गरेको पाईएमा, बोलपत्रदाता प्रचलित कानून बमोजिम अयोग्य रहेको पाईएमा बोलपत्र उपर कारवाही हुनेछैन ।

१६. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०७१ बमोजिम हुनेछ ।